कभरस्टोरी

## नेपाली खेलाडी फ्रान्समा बेपत्ता

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

काठमाडौं, १९ वैशाख

2009-05-03,Sunday




बेलायतका स्की प्रशिक्षक रिचार्ड मोर्लेले धर्मपुत्र बनाएर लगेका नेपाली खेलाडी रहस्यमय तरिकाले फ्रान्समा हराएका छन् । मोर्लेले उनलाई अन्तर्राष्ट्रिय स्की प्रतियोगितामा अनधिकृत तवरले नेपालको प्रतिनिधित्व गराउने योजनाअनुसार ट्रेनिङका लागि फ्रान्स पुऱ्याएका थिए ।

> धर्मपुत्र बनाएर फ्रान्स पुऱ्याउने स्की खेलका बेलायती प्रशिक्षक रिचार्ड मोर्लेले उत्तम रायमाझीलाई अनधिकृत रूपमा नेपालका राष्ट्रिय खेलाडी बनाएर खेलाउने तयारी गरेका थिए

मोर्लेले गत वर्ष नेपालबाट बेलायत लगेका १७ वर्षीय उत्तम रायमाझी पाँच दिनदेखि बेपत्ता भएका हुन् । रायमाझीलाई उनले बेलायतमा एक वर्ष प्रशिक्षण दिएपछि फ्रान्स लगेको अन्तर्राष्ट्रिय समाचार एजेन्सी रोयटर्सले जनाएको छ ।

ब्रिटिस जलसेनामा समेत काम गरेका मोर्लेको प्रशिक्षणस्थल लेस आर्कबाटै रायमाझी हराएका हुन् । फ्रान्सेली भाषा नबुझ्ने रायमाझीसित पैसा र बाक्लो लुगासमेत नरहेको मोर्लेले रोयटर्ससित बताएका छन् ।
फ्रान्सको सेन्ट मोरिसस्थित लेस आर्कमा हावाहुरीका साथ मुसलधारे पानी परेका वेला नेपाली खेलाडी हराएको रोयटर्सको समाचारमा उल्लेख छ । प्रहरीले उनको बारेमा हालसम्म केही पत्ता लगाउन सकेको छैन ।
मोर्लेले रायमाझीसहित तीनजना नेपालीलाई आगामी वर्ष भ्यानकोभरमा हुने विन्टर ओलम्पिकमा सहभागी गराउने तयारी गरेका थिए । उनको प्रशिक्षणमा रहेको नेपाली टोलीमा श्याम ढकाल (२७) र सुवास खत्री (२२) पनि थिए । उनीहरू पनि मोर्लेकै धर्मपुत्र हुन् ।

नेपाल स्की संघ र नेपाल ओलम्पिक कमिटीले भने विन्टर ओलम्पिकका लागि कुनै नेपाली टोली गठन नभएको जनाएका छन् । ओलम्पिकको तयारी गरेका नेपाली खेलाडी हराएको समाचार सुनेपछि खेलकुद अधिकारी झस्केका छन् ।

'समय धेरै बाँकी छ, हामीले टोली छनोट नै गरेका छैनौं,' स्की संघका अध्यक्ष जीवनराम श्रेष्ठले नयाँ पत्रिकासित भने ।
लामो समयदेखि मोर्लेसँगै रहेका रायमाझी सोमबार एक्कासि बेपत्ता हुनुलाई रहस्यमय मानिएको छ । यस प्रकरणमा मोर्लेको प्रस्टीकरण थप शंकास्पद छ । उनले रोयटर्ससँगको कुराकानीमा भनेका छन्, 'पैसाको अभावमा नेपाल ओलम्पिक कमिटीले नेपाली स्की टिमलाई भंग गरेदेखि ऊ निकै निराश थियो । सोही कारणले यो घटना हुन पुग्यो ।'

तर, स्की संघका अध्यक्ष श्रेष्ठ यो सरासर झुटो भएको बताउँछन् । 'मोर्लेले बनाएको टिमको कुनै आधिकारिकता छैन,' उनले भने, 'ती खेलाडीलाई रकम उपलब्ध गराउने पनि हामीले कहिल्यै बताएका छैनौं ।'
श्रेष्ठका अनुसार गत वर्ष नेपाल आएका बखत मोर्लेले नेपाली खेलाडीले छात्रवृत्ति पाउन सक्ने सम्भावना रहेकाले त्यसका लागि सिफारिस गरिदिन संघलाई अनुरोध गरेका थिए । 'खेलाडीले छात्रवृत्ति पाउने भएपछि हामीले सिफारिस गरिदियौं,' उनी भन्छन् । श्रेष्ठका अनुसार दाछिरी शेर्पा र श्याम ढकालको छात्रवृत्तिका निम्ति संघले सिफारिस गरिदिएको थियो ।

तर, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष धुवबहादुर प्रधान भने ढकाललाई मात्र छात्रवृत्तिको सिफारिस गरिएको बताउँछन् । 'ओलम्पिक कमिटीको जानकारीविना कसैले पनि छुट्टै छात्रवृत्तिको सिफारिस गर्न सक्दैन,' प्रधानले भने ।
नेपाली खेलाडीका निम्ति छात्रवृत्ति सिफारिस लिएपछि आफू नेपाली स्की टोलीको म्यानेजर रहेको दाबी गर्दै अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी र अन्तर्राष्ट्रिय स्की महासंघमा पत्राचार सुरु गरेका थिए मोर्लेले ।

'हामीले त्यो थाहा पाएपछि दुई महिनाअघि दुवै अन्तर्राष्ट्रिय संघलाई मोर्ले आधिकारिक व्यक्ति नरहेको जानकारी गराएका थियौं,' ओलम्पिक कमिटीका अध्यक्ष प्रधान र महासचिव श्रेष्ठको भनाइ छ ।
स्की संघका पूर्वअध्यक्ष रुक्मशमशेर राणाले पनि मोर्ले विश्वास गर्नलायक व्यक्ति नभएको बताए ।

'यसअघि नेपाल आउँदा पनि ऊ विवादास्पद कुरा झिकिरहन्थ्यो,' राणाले भने ।
मोर्लेलाई चिन्ने अन्य खेल पदाधिकारी पनि उनको चरित्रमा शंका गर्छन् । उनीहरूका अनुसार पदमा भएको व्यक्तिसँग नजिकिँदै फाइदा लिनु मोर्लेको विशेषता हो । यसअघि, रुक्मशमशेर राणासँग नजिक मोर्ले जीवनराम शक्तिमा आएपछि उनको नजिक भएका थिए ।
मोर्लेले रोयटर्ससँगको कुराकानीमा पूर्वराजा वीरेन्द्रको अनुरोधमा १९९७ मा नेपाल अल्पाइन स्किइङ टिम गठन गरेको दाबी गरेका छन् ।

मोर्लेले यसअघि पनि नेपाली युवालाई धर्मपुत्रका रूपमा लगेर विन्टर ओलम्पिकमा नेपालको प्रतिनिधित्व गराउँदै खेलाएका थिए । आफैंले धर्मपुत्रका रूपमा पालेका जयराम खड्कालाई स्किको प्रशिक्षण दिएर उनले २००१ मा साल्ट लेक विन्टर ओलम्पिकमा सहभागी गराए । खड्कालाई उनले १९९७ मा नेपालबाट लगेका थिए । नेपालको आधिकारिक निकायको जानकारीविनै भएको त्यस सहभागितालाई नेपाल स्की संघले मान्यता दिएको थिएन ।

'नेपाल र नेपालीको नाम प्रयोग गरेर कसैले आफ्नो स्वार्थपूर्ति गर्ने प्रयास गरेको छ, यसबारे हामी बुझेर अन्तर्राष्ट्रिय निकायमा जानकारी गराउँछौं,' स्की संघका अध्यक्ष श्रेष्ठले भने ।

अन्य समाचार
- राष्ट्रपति सक्रिय
- प्रधानसेनापति कटवाल बर्खास्त
- एमाले उपाध्यक्ष गौतमको गम्भीर असहमति
- एमाले बाहिरियो
- तीन दलका छुट्टाछुट्टै सर्वदलीय बैठक
- नेविसंघ सडकमा
- विशेष सम्पादकीय
ज्ञानेन्द्रपथमा रामवरण

पुरानो अंक
- सबैका आ-आफ्ना तयारी
- नेपाली खेलाडी फ्रान्समा बेपत्ता
- मुख्य योजनाकार 'कालीमाता'
- राष्ट्रपति कतातिर ?
- गाँजाखेतीमा सरकारलाई करोड घाटा




Solar Energy Charity

Helping Relieve Poverty Though The Provision of Solar Energy. Join Us!

www.Solar-Aid.org

गुगलको जनसेवा विज्ञापन

**Total Comments= 4**

Have Your Comment

**By:** ASHOK UPRETY
**Email:** asu_uprety@yahoo.com
**Address:** SYDNEY, AUS
**Posted Date:** Sat,May 2,2009,11:35 pm
**Comments:**

morley lai yati dherai dharmaputra chai kin chahiya6ta?news anusar ta morley le nepal sarkar ra khelkud padadikari lai pangu nai banaye jastho laggo. ani morley le nepali kheladi lai france lagera katai kidney ko buseness ta garera chainan? nepal sarkar le yas tarfa ali sachet hunu parla jastho lagcha.

---

**By:** ASHOK UPRETY
**Email:** asu_uprety@yahoo.com
**Address:** SYDNEY, AUS
**Posted Date:** Sat,May 2,2009,11:35 pm
**Comments:**

morley lai yati dherai dharmaputra chai kin chahiya6ta?news anusar ta morley le nepal sarkar ra khelkud padadikari lai pangu nai banaye jastho laggo. ani morley le nepali kheladi lai france lagera katai kidney ko buseness ta garera chainan? nepal sarkar le yas tarfa ali sachet hunu parla jastho lagcha.

---

**By:** Indra Dev Rai
**Email:** indradevrai@yahoo.com
**Address:** Pandhare Bhojpur Recent Mozambique
**Posted Date:** Sun,May 3,2009,12:24 am
**Comments:**

Yo khoire pakkai pani kharabnai hunu par6.yani yasle dharma putrako namma manab taskarko kam gardai6.Huna ta yasma hamro pani dosh nabhayako pakkai hoina bidesh tyo pani europe bhanda ta akha banda garerai jan6ou ani kina nagaros ta manab taskarko kam tyo batho khoirele?

---

**By:** Asha
**Email:** ashagrg07@yahoo.com
**Address:** Israel
**Posted Date:** Sun,May 3,2009,12:49 am
**Comments:**

is it just because of language problem or there is a big plan behing his lost after giving such a hopes and dreams and until now keeping them inside the vain..there should be investigated and should find out what happened and whats going with them exactly !